# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेड र नेपाल टेलिकम विच सम्झौता

२०७८ सालको बडादशै, तिहार र छठको अवसरमा पारेर नेपाल बैंक लिमिटेडले दुई वटा विशेष सुविधासहितको बचत खाताहरु सञ्चालनमा ल्याएको छ । नेपाल बैंकमा सो खाताहरु खोल्ने ग्राहकलाइ विशेष सुविधाका प्याकेजहरु दिने गरि आज मिति २०७८ असोज २० गते नेपाल बैंक लिमिटेड र नेपाल टेलिकमविच एक सम्झौता भएको छ । सो सम्झौतामा नेपाल टेलिकमका चिफ कमर्सियल अफिसर श्री प्रतिभा बैद्य र नेपाल बैंक लिमिटेडका चिफ फाईनान्स अफिसर श्री होम बहादुर खड्काले हस्ताक्षर गर्नुभएको छ । सम्झौता अन्तर्गत नेपाल बैंक लिमिटेडले बिद्यार्थीहरु र दम्पत्तीहरुलाई लक्षित गरि ल्याएको नयाँ बचत खाता "शुभज्ञान वचत" खाता खोल्दा विद्यार्थीहरुलाइ र "सहयात्री वचत" खाता खोल्दा दम्पत्तीहरुलाइ ४ वटा वम्पर अफरहरु प्रदान गरिने भएको छ । शुन्य व्यालेन्समा "शुभज्ञान बचत खाता" र रु ५०० न्यूनतम व्यालेन्समा "शहयात्री वचत खाता" खोल्न सकिने छ, जसमा नेपाल टेलिकमको निशुल्क सिमकार्डका अतिरिक्त विशेष सुविधाका प्याकेजहरु उपलब्ध हुने छन् । सो खाताहरु खोलि कारोवार गर्दा बिद्यार्थी र दम्पत्तीहरुले निम्न बमोजिमका सुविधाहरु पाउने छन् ।

अफर १ : नेपाल टेलिकमको निशुल्क सीम (विद्यार्थी र दम्पत्तिलाइ) ।

अफर २ : सिम एक्टिभ भएको मितिले एक महिना सम्म हरेक दिन 10 SMS, 100MB Data र 40 Minutes Net Voice Talk Time निःशुल्क उपलब्ध हुने ।

अफर ३ : नेपाल बैंकको मोवाइल बैकिङ्ग एप चलाउदा १ वर्षसम्म इन्टरनेट शुल्क नलाग्ने ।

अफर ४ : यो योजना अन्तर्गत खाता खोल्ने ग्राहकहरुलाइ नेपाल बैंकले थप १ महिनाको लागि १ जि.वि. डाटा निःशुल्क उपलब्ध गराउने । सीमित अवधिका लागि लागू हुने यी अफरहरु नेपाल बैंकमा खाता खोल्ने बिद्यार्थी र दम्पत्तिहरुलाई मात्र लागू हुनेछन् ।

धन्यवाद ।

मिति: २०७८ असोज २० गते बुधवार ।

(प्रकाश कुमार अधिकारी)

प्रवक्ता

फोन नं.: ०१४२३९८८८, ४२४७९९९ | टोल फ्री नं.: १६६००१३७३७३ | फ्याक्स: ९७७-०१-४२२०४१४
ईमेल: info@nepalbank.com.np | वेबसाइट: www.nepalbank.com.np


प्रथम वार्षिक साधारण सभा